मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail {info@mandavimun.gov.np
mandavimun2073@gmail.com

# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**जस्पुर,प्यूठान**
**लुम्बिनी प्रदेश, नेपाल**

प.स. २०७७/०७८
च.न

मितिः २०७८/०१/१५

**विषयः सिल गरिएको सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को दोस्रो लहरका कारण संक्रमण तिव्ररुपमा फैलिरहेकोले उक्त रोगको रोकथाम र नियन्त्रणको लागि कठिन परिस्थिति सृजना भएको छ । माण्डवी गाउँपालिका वडा नं. ३ (साविक वडा नं. ८ र ९) क्षेत्रका व्यक्तिहरुमा एन्टीजिन परिक्षण गर्दा अत्यधिक मात्रामा संक्रमितहरु देखिएकोले उक्त संक्रमणलाई समुदायमा फैलन नदिनको लागि माण्डवी गाउँपालिका वडा नं. ३ को पूर्वमा माण्डवी नदी, पश्चीममा स्वर्गद्वारी नगरपालिका, उत्तरमा स्वर्गद्वारी नगरपालिका, दक्षिणमा हिरङ्गखोलाको सीमा क्षेत्र भित्र पर्ने सम्पूर्ण क्षेत्रलाई पूर्ण रुपमा सिल गर्ने मिति २०७८/०१/१५ गते बसेको माण्डवी गाउँपालिका स्तरीय विपत् व्यवस्थापन समितिको बैठकको निर्णयानुसार मिति २०७८/०१/१६ गते राती १२ बजे देखि ७ दिन सम्मको लागि पूर्णरुपमा सिल गरिएको व्यहोरा सम्पूर्ण व्यवसायी र सर्वसाधारण आम समुदायमा जानकारीको लागि अनुरोध छ । सो अवधिमा अत्यावश्यक सेवा बाहेक अन्य सबै बजार क्षेत्र, होटेल व्यवसाय, सवारी साधन, अनावश्यक मानिसको आवत जावत, समुह, भेला, खेलकुद प्रतियोगिता, पुजा आजा, मानिस भेला हुने कार्य पूर्ण रुपमा प्रतिवन्धित गरिएको छ । नियम उल्लंघन गरेमा संक्रामक रोग ऐन बमोजिम कारबाही गरिने व्यहोरा जानकारी गराइन्छ । कोरोनाको जोखिम बढी रहेकोले सचेत र सजग भई स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउन सम्पूर्ण माण्डवीबासी जनसमुदायलाई हार्दिक अनुरोध गर्दछौ ।

शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत

**'उर्जा,कृषि,शिक्षा,पर्यटन,गाउँवासिको शान**
**समृद्धि र खुसि जनता माण्डवीको अभियान ।'**